# विराटनगर महानगरपालिकाको छैठौ नगर सभावाट पारित विनियोजन ऐन २०७७

**विराटनगर महानगरपालिकाको आर्थिक वर्ष २०७७।०७८ को सेवा र कार्यक्रमको लागी स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः २०७७।०३।१४

**प्रस्तावनाः**

विराटनगर महानगरपालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "विराटनगर महानगरपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७७।०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**ः

(१) आर्थिक वर्ष २०७७।०७८ को निमित्त नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पुजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४,०७,३०,०७,००० (अक्षेरुपी रु. चार अर्व सात करोड तिस लाख सात हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।०७८ को निमित्त महानगरपालिको नगर कार्यपालिकाको कार्यालयले गर्ने सेवा तथा कार्यहरुको लागि विनियोजन गरिएको छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिकाको कार्यालय, वडा कार्यालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। तर पूजीगत खर्च बाट र वित्तीय व्यवस्थाको खच बाट चालु खर्च शिर्षकमा रकम सार्न सकिने छैन। कुनै शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि - १

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | नगर कार्यपालिकाको कार्यालय | १५२८९७१८६० | २,४८४,०३५,१४० | ६,००,००,०००। | ४,०७३,००७,००० |
| | | कुल जम्मा | १५२८९७१८६० | २,४८४,०३५,१४० | ६,००,००,०००। | ४,०७३,००७,००० |